फोन नं.: ०८९-४२०१३२
इमेल-dfodailekh.2077@gmail.com

# कर्णाली प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
## प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय
## दैलेख

"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"

**यस कार्यालयबाट आ.व. २०७९।८० मा हुने खरिद कार्यमा सहभागी हुन सूचिकृत हुने सूचना**
**प्रकाशित मिति : २०७९।०४।०२**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सार्वजनिक निकायबाट सोही ऐन बमोजिम हुने खरिद कार्यको लागि सम्बन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपूर्तिककर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको छुट्टाछुट्टै सूचि तयार गर्नुपर्ने व्यवस्था बमोजिम यस कार्यालयबाट आ.व. २०७८।७९ मा तयार भएको मौजुदा सूची अद्यावधिक गर्न तथा आ.व. २०७८।७९ मा मौजुदा सूचीमा दर्ता नभएकाहरुले आ.व. २०७९।८० मा नयाँ मौजुदा सूचीमा दर्ता हुन ईच्छुक योग्य फर्म, संघ/संस्था वा व्यक्तिहरुलाई यस कार्यालयमा उपलब्ध आवेदन फाराममा आफूले सूचिकृत हुन चाहेको समुह समेत स्पष्ट रुपमा खोली यस कार्यालयमा आवेदन गर्नुहुन सूचित गरिएको छ ।

(१) आवेदनका साथ निम्नानुसारका कागजातहरुका प्रतिलिपीहरु एक/एक प्रति संलग्न गरेको हुनु पर्नेछ ।
(क) आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नवीकरण भएको इजाजत पत्र ,
(ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र ,
(ग) प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने पछिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता प्रमाणपत्र ,
(घ) व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
(ङ) नेपाल बाहिर दर्ता भएको हकमा संघ/संस्था वा विदेशी नागरिकको हकमा नेपाल बाहिर कारोबार गर्न पाएको स्वीकृत वा ईजाजत पत्र ,
(च) सूचिकृत हुन चाहेको समूहको कार्य सम्पादन गर्न योग्य र सक्षम रहेको व्यहोरा खुल्ने कागजात वा प्रमाण ।
(२) आवेदनमा कुनै सार्वजनिक निकायसँग सम्झौता भएबमोजिम सम्पादन गर्न जिम्मा लिएको काम अधुरो छोडी वा कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन बाँकी कर दस्तुर तथा दायित्व बाँकी नभएको एवं प्रचलित कानून बमोजिम त्यस्तो काम गर्न प्रतिबन्ध नलागेको वा कालो सूचीमा नपरेको भनी घोषणा आवेदकले पेश गरेको हुनुपर्नेछ ।

(३) यस बमोजिम सूचिकृत हुँदैमा कुनै फर्म , संघ/संस्था वा व्यक्ति कुनै सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकेको योग्यता पुरा नगरी खरिद सम्बन्धी कारवाहीमा सहभागी हुनसक्ने छैन । मौजुदा सूचीमा सूचीकृत भएकाहरु मध्यबाट कार्यालयले आफ्नो आवश्यकता अनुसार खरिद कार्यमा सहभागी गराउन सक्नेछ ।

(४) सूचिकृत भएको फर्म, संघ/संस्था वा व्यक्तिले यस कार्यालयको खरिद सम्बन्धी कार्यमा संलग्न भएमा प्रचलित कानुन बमोजिम कर बिजक जारी गर्नुपर्नेछ ।

(५) सूचिकृत भएको कुनै फर्म, संघ/संस्था वा व्यक्तिले प्रचलित कानूनबमोजिम कुनै निकायमा सम्झौता गरी लिएको कुनै काम समयमै सम्पन्न नगरेको वा सही रुपमा नगरेको वा नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर तथा अन्य दायित्व नबुझाएको जानकारी सम्बन्धित निकायबाट प्राप्त भएमा जुनसुकै बखत सूचिबाट हटाउन सकिनेछ ।

(६) यस सूचनामा नपरेका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानुन बमोजिम हुनेछ ।

(टेक बहादुर रावल)
डिभिजनल वन अधिकृत